अभियान, 12th May 2014, Monday

# 'नाफा बढ्ने र जोखीम कम हुने वातावरण बनाऊ'

अभियान संवाददाता

वैशाख २८, काठमाडौं

अर्थविद्हरूले मुलुकलाई दिगो आर्थिक वृद्धिको मार्गमा लैजानका लागि लगानीको वातावरण निर्माणमा ध्यान दिनुपर्ने बताएका छन् । नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्था (आईक्यान)ले आइतवार राजधानीमा आयोजना गरेको पूर्वबजेट छलफल कार्यक्रममा बोल्दै उनीहरूले महँगी नियन्त्रण, रोजगारी सृजना, व्यवसायीमैत्री करप्रशासन, पूर्वाधार विकासलगायतमा आगामी बजेटको ध्यान पुग्नुपर्ने बताए ।

'कुनै पनि व्यवसायीले नाफा बढाउने र जोखीम कम गर्ने वातावरण खोज्छ । त्यसैले सरकारको पहिलो प्राथमिकतामा लगानीको वातावरण पर्नुपर्छ,'

**पूर्वबजेट छलफल**

साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड एन्भायरोन्मेण्ट (सावती)का कार्यकारी अध्यक्ष डा. पोषराज पाण्डेले भने । उनका अनुसार समष्टिगत परिसूचक त्यत्ति नराम्रो नभए पनि नेपालको 'माइक्रो-इकोनोमिक' परिसूचक उत्साहजनक छैन । खासगरी क्रेडिट रेटिङ र मुद्रास्फीतिमा नेपालको अवस्था ज्यादै कमजोर रहेको उनले बताए । भारतको आर्थिक वृद्धिका पछाडि निर्नियमन (डिरेगुलेशन) र भन्सारदरमा कटौती मुख्य कारण रहेको र व्यक्तिगत सम्पत्तिको अधिकार सुनिश्चित गरेकाले चीन उच्च आर्थिक वृद्धिको बाटोमा अघि बढेको बताउँदै डा. पाण्डेले लगानी सुनिश्चितताका लागि नीतिगत स्थिरताको प्रत्याभूति गर्न सक्नुपर्ने बताए । बाँकी पृष्ठ ४ मा

**नाफा बढ्ने...**

कार्यक्रममा नेपाल राष्ट्र बैङ्कका गभर्नर डा. युवराज खतिवडाले बजेट खर्च गर्ने संयन्त्रलाई प्रभावकारी बनाउनु आवश्यक भएको बताए । त्यसका लागि प्रशासकीय क्षमता बढाउनुपर्ने उनको भनाइ थियो । अर्थशास्त्री प्राडा. विश्वम्भर प्याकुर्‍यालले हरेक बजेट कनिका छराइको स्वरूपमा आएकाले सबैभन्दा पहिले त्यसको संरचनागत समस्याको समाधान खोज्नुपर्ने बताए । उनका अनुसार बजेट कार्यान्वयनको अनुगमन गर्ने निकाय धेरै भए पनि तिनीहरू प्रभावकारी छैनन् । अर्का अर्थशास्त्री डा. चिरञ्जीवी नेपालले आगामी बजेटले रोजगारी सृजना र महँगी नियन्त्रणलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए । 'अहिले वास्तविक क्षेत्रमा लगानी बढाउनुपर्ने र करको दायरा बढाउनुपर्ने अवस्था छ,' उनले भने । नेपालमा आयोजना र कार्यक्रमको प्राथमिकता तोकेर काम गर्ने परिपाटी नभएकाले बजेट विनियोजन तथा कार्यान्वयन फितलो भएको उनको धारणा थियो ।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष पृथ्वीराज लिगलले समाजको तल्लो तह र खासगरी ग्रामीण क्षेत्रमा रोजगारी समस्या नभएको बताए । 'कृषिमा अहिले जनशक्ति नभएर समस्या भएको छ । आर्थिक वृद्धिको आधार रहेको कृषिलाई मेशिनीकरण गर्न ढिला भइसकेको छ,' उनले भने, 'त्यसैले अबको बजेटले त्यसलाई प्राथमिकतामा राख्नुपर्छ ।' त्यसैगरी उपभोक्ताको बढ्दो मागलाई उत्पादनसँग जोड्न नसकिएको बताउँदै उनले घरेलु उत्पादन बढाई आयात घटाउनुपर्नेमा जोड दिए ।

आईक्यानका पूर्वअध्यक्ष सुदर्शनराज पाण्डेले कर प्रशासनलाई व्यवसायीमैत्री बनाउनुपर्नेमा जोड दिए । अहिले केही निश्चित बैङ्कबाट मात्र कर तिर्न सकिने व्यवस्था भएकोमा अब आफूले चाहेको बैङ्कबाट तिर्न मिल्ने व्यवस्था गर्न सरकारसँग उनले आग्रह गरे । कार्यक्रममा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष दीपेन्द्रबहादुर क्षेत्री र अर्थशास्त्री डा. डिल्लीराज खनालले प्रभावकारी बजेटको बारेमा धारणा राखेका थिए । कार्यक्रम आईक्यानका अध्यक्ष महेश गुरागाईको अध्यक्षतामा भएको थियो ।